

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन २३ गते बुधबार ❑ 7 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## बागलुङ पहिरोमा सात जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ साउन

बागलुङमा पहिरोमा पुरिएर सात जनाको मृत्यु भएको छभने चारजना घाइते भएका छन् । पहिरोमा पुरिएका चारजनाको जीवितै उद्धार गरिएको छ।

मंगलबार बिहान बडिगाड गाउँपालिका-९ मा एक घर पुरिँदा दुई जना र सोही पालिकाको वडा-१० आरुपाटास्थित जोगलाल बुढाको घर पुरिँदा पाँच जनाको मृत्यु भएको हो । पहिरोले घर पुरिँदा बेपत्ता भएकामध्ये छ जनाको शव निकालिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । बागलुङको बडिगाड गाउँपालिका-१० आरुपाटा गाउँका स्थानीय लगातारको वर्षाले त्रसित थिए । सोमबार साँझदेखि परेको भारी वर्षाबाट निम्तिन सक्ने विपद्को अनुमान लगाउँदै आरुपाटाका स्थानीयले सतर्कतासमेत अपनाएका थिए।

आरुपाटाका स्थानीय मंगलबार बिहानै सुरक्षित घर खोज्दै छिमेकी जोगबहादुरको बुढाको घरमा पुगे। अपसोच बिहान ११ बजेर २० मिनेट पुग्दा सुरक्षित भनेर स्थानीय जम्मा भएकै घरलाई पहिरोले बगायो । पहिरोले जोगबहादुर बुढाको घर पुर्दा छ जनाको मृत्यु भयो । पहिरोमा चार जना अझै बेपत्ता रहेको आशङ्का रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी प्रमुख ऋषिराम कँडेलले जानकारी दिनुभयो । कँडेलका अनुसार घटनास्थल निकै दुर्गम स्थानमा भएका कारण प्रहरी चार घण्टापछि मात्रै उद्धारका लागि त्यहाँ पुगेको थियो । बडिगाड गाउँपालिका-१० का वडाध्यक्ष वीरेन्द्रकुमार बुढामगरका अनुसार भारी वर्षापछि स्थानीय सुरक्षित स्थान खोज्दै जोगबहादुर बुढामगरको घरमा पुगेका थिए । "गाउँमा पहिराको जोखिम थियो, जोगबहादुर बुढाको घरभन्दा तलको घर पहिरोको जोखिममा रहेका कारण सुरक्षित घरमा बसेर बुर्तिवाङ जाने योजनाका साथ छिमेकी यस घरमा आएका रहेछन्", वडाध्यक्ष बुढामगरले घटनास्थलको दृश्य सम्झँदै भन्नुभयो, "जुन घर अलि सुरक्षित छ भनेर छिमेकी आएर जम्मा भएका थिए, त्यही घरलाई नै पहिरोले लग्यो, पहिरोले घरसहित गोठसमेत बगाएको छ, स्थानीयको सहयोगमा प्रहरी पुग्दा पाँच जनाको शव निकालिएको थियो, एक जनाको उद्धारपछि मृत्यु भएको थियो अन्य बेपत्ताको खोजीका लागि प्रहरी र नेपाली सेना परिचालन भएको छ।"



घटनास्थलमा पुगेका प्रहरीले एउटै घरमा ठूलो मानवीय क्षति भएको र शवको पहिचान गर्दा एउटै घरका नभएर छिमेकी परेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी विजय यादवका अनुसार आश्रय लिएको घर नै पहिरोले बगाएपछि ठूलो मानवीय क्षति भएको हो । केही पहिरोको जोखिम टार्न जोगबहादुर बुढाको घरमा आएका थिए भने केही बुर्तिवाङ जानलाई त्यस घरमा पुगेका थिए। "एउटै घरमा यति धेरै मानिस रहेछन्, फरकफरक समुदायका मानिस आश्रय लिनका लागि त्यस घरमा पुगेको पाइयो", यादवले भन्नुभयो, "त्यही घर नै पहिरोले पुर्दा छ जनाको मृत्यु भएको छ, अन्य चार जना बेपत्ता रहेको स्थानीयले बताएका छन्, बेपत्ताको यकिन भएको छैन, खोजीका लागि प्रहरी र नेपाली सेना परिचालन भइरहेको छ ।"प्रहरीका अनुसार मृत्यु हुनेमा बागलुङ जिल्लाको बडिगाड गाउँपालिका १० निवासी ७० वर्षीया देवी कामी, पाँच महिनाकी सीता विक, सात वर्षीय मालती बुढा, आठ वर्षीय अमल बुढा, ११ वर्षीया सीता पुन र घरधनी ७८ वर्षीय जोगबहादुर बुढा रहनुभएको छ। पहिरोमा परेर नौ जनासमेत घाइते हुनुभएको छ । पहिरोमा परी घाइते हुनेमा बडिगाड गाउँपालिका-१० बस्ने २६ वर्षीय ओमप्रकाश पुन, ४६ वर्षीय सङ्गीता बुढा, २३ वर्षीया सिर्जना विक, ४३ वर्षीय मङ्गल सेन बुढा, १९ वर्षीया रिमा पुन, ६० वर्षीया सुमित्रा विक, ५१ वर्षीय शशिराम विक, नौ वर्षीय ज्ञाने बुढा र ३१ वर्षीया सीता थापा घाइते हुनुभएको छ । घाइतेको बडिगाड गाउँपालिकाले पठाएको स्वास्थ्यकर्मीबाट प्राथमिक उपचार गरिएको छ । घरधनी जोगला बुढाको जीवितै उद्धार गरे पनि उद्धारको एक घण्टापछि मृत्यु भएको हो । पहिरोमा परी १० वर्षीय मनोज बुढा, तीन वर्षीय आरुष थापा, ६० वर्षीया मधु बुढा र ११ वर्षीय सुमन विक पहिरोमा बेपत्ता हुनुभएको प्रहरीको भनाइ छ । पहिरोमापरी गम्भीर तथा घाइतेको उद्धार र उपचारका लागि नेपाली सेनाको हेलिकप्टर परिचालन गरे पनि मौसम बाधक बनेको प्रमुख जिल्ला अधिकारी नेत्र सुवेदीले बताउनुभयो । पहिरोमा परेर गम्भीर घाइते भएकाको उद्धारका लागि काठमाडौँबाट आएको नेपाली सेनाको हेलिकप्टर बागलुङ बजारमा अवतरण गरेको छ । उद्धारका लागि हेलिकप्टर पुनःबुधबार बिहानै पठाउने उहाँले बताउनुभयो । बडिगाड गाउँपालिका-१० आरुपाटाको पहिरोमा परेर गम्भीर घाइते भएकाको उद्धारका लागि नेपाली सेनाको हेलिकप्टर पटकपटक प्रयास गर्दा पनि मौसमका कारण बडिगाडमा अवतरण गर्न नसकेपछि श्री नम्बर २३ बाहिनी अड्डा बागलुङमा अवतरण गरेको हो । कुहिरो, हाइटेन्सन लाइन र नखुलेको मौसमका कारण हेलिकप्टर बागलुङमै अवतरण गर्नुपरेको श्री नम्बर २३ बाहिनी अड्डा बागलुङका प्रमुख कर्नेल शीतल बानियाँले जानकारी दिनुभयो । हेलिकप्टर बुधबार बिहान पुनःउद्धारका लागि घटनस्थलतर्फ जाने प्रहरीले जनाएको छ। यस्तै पहिरोका कारण बडिगाड गाउँपालिका-९ स्थित नयाँ बस्तीका १४ वर्षीय विधान परियार र सोही वडाको खहरे भन्ने ठाउँका २४ वर्षीय गङ्गा बस्नेतको मृत्यु भएको छ । घर माथिबाट आएको पहिरो पन्छाउने क्रममा परियारको र बाटोमा हिँड्दै गर्दा माथिबाट आएको पहिरोले बस्नेतको मृत्यु भएको थियो।

## जनतामा सेवा प्रवाह र निराशा चिर्न ठूला दलबीच सहकार्य : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २२ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्घीयताको कार्यान्वयन, सुशासन कायम, जनतामा सेवाप्रवाह र निराशा चिर्नका लागि दुई ठूला दलबीच सरकार सञ्चालनको सहकार्य भएको स्पष्ट गर्नुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री बहादुरसिंह लामा र मन्त्रीहरूसँग भएको छलफलमा प्रधानमन्त्री ओलीले सङ्घीयतासँगै प्रदेशको औचित्य र जनताको विकासको चाहनालाई पूरा गर्ने अभिभाराप्रति ध्यान दिन आग्रह गर्नुभयो । "देशको विषम परिस्थितिलाई आत्मसात् गरी नेपाली कांग्रेस र नेकपा (एमाले)बीच समीकरण भएको हो । यो समीकरण भागबण्डा र नियुक्तिका लागि भएको होइन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "देशमा राणाशासन र पञ्चायतको अन्त्यदेखि सशस्त्र सङ्घर्षको सही व्यवस्थापन, गणतन्त्र र सङ्घीयताका लागि यी दुई ठूला दल मिलेरै देशको सङ्कट समाधान भएको छ । आर्थिकलगायत देशको विषम परिस्थितिका निम्ति अहिले विशेष सङ्कल्पसहित हाम्रो सहकार्य भएको हो ।" उहाँले विभिन्न क्षेत्रमा देखिएको विषमतालाई अन्त्य गर्न र जनताको समृद्धि र सुख प्राप्तिको लागि सरकार गठन भएकाले प्रदेश सरकारले यसमा ध्यान दिने अपेक्षा व्यक्त गर्नुभयो। जनताको दुख, विकासको अवस्था, शिक्षा, स्वास्थ्य, कृषि उत्पादन, पूर्वाधार विकास, रोजगारी, सुशासनको प्रत्याभूति कायम गराउन दत्तचित्त भएर लाग्न आग्रह गर्दै प्रधानमन्त्री ओलीले सार्वजनिक खर्चलाई मितव्ययी र चुस्त दुरूस्त व्यवस्थापन गर्ने, राजस्व वृद्धि र सार्वजनिक सम्पत्तिको सही सदुपयोग गर्ने विषयमा पनि ध्यान दिन सम्झाउनुभयो।

"म भ्रष्टाचार गर्दिनँ र अरूलाई पनि गर्न दिन्नँ भन्ने कुरालाई आत्मसात् गरी बागमती प्रदेशमा रहेका विद्यमान विकृति, विसङ्गति र अन्योलको अवस्था चिर्नका लागि एकजुट भई कार्य गर्न म विशेष आग्रह गर्दछु", प्रधानमन्त्री ओलीले भन्नुभयो, "मान्छेले मान्छेलाई दण्ड होइन, हप्काएर दप्काएर होइन, कसैको पनि अपमान नहुनेगरी, सुखदुःखमा साथ दिनेगरी, आफ्नो जिम्मेवारी कर्तव्य र उत्तरदायित्व निर्वाह गर्नुहुनेछ।"

## माछापुच्छ्रेमा चितुवा मृत फेला

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा मंगलबार चितुवा मृत फेला परेको छ।

माछापुच्छ्रे-३ घाचोकस्थित ढावा पुल नजिक पोथी प्रजातिको अन्दाजी चारदेखी पाँच वर्षको चितुवा मृत भेटिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ल्वाङका रेञ्जर रवीन्द्र गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार चितुवाको घाँटीमा चोट लागेको छ । प्रारम्भिक अनुसन्धानका क्रममा चितुवा पासोमा परेको देखिएको गौतमले बताउनुभयो । "चितुवा मृत देखेर स्थानीयले प्रहरीलाई खबर गरेपछि हामी घटनास्थलमा पुगेका थियौं । चितुवा पासोमा परेर मरेको देखिन्छ", गौतमले भन्नुभयो। अन्नपूर्ण संरक्षण क्षेत्र सम्पर्क कार्यालय पोखराका पशु चिकित्सक डा सुरेश नेपालीले घाचोक प्रहरी चौकीमा ल्याएर चितुवाको शव परीक्षण गर्नुभएपछि मुचुल्का बनाएर गाडिएको थियो।



## स्याङ्जामा पदावधि सकिएका प्रअ फेरिदै

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २२ साउन

नेपालमा नयाँ संविधान जारी भएको ९ बर्ष पुरा भएको छ। नयाँ संविधान अनुसार ऐन, कानुन र नियमावली निर्माण नहुँदा मौजुदा कानुनले काम गर्न सरकारी निकाय बाध्य छन् । मौजुदा कानुन पनि कार्यन्वयन नहुँदा अधिकाश क्षेत्रमा अनियमितता बढ्दो छ। यसको एउटा उदाहरण शिक्षा क्षेत्रलाई लिन सकिन्छ । मौजुदा शिक्षा ऐन र नियमावली प्रयोगमा स्थानीयतहहरु मौन रहदा सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्कदो रुपमा गएको देखिन्छ।

शिक्षा नियमावलीलाई अहिले स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाले प्रयोगको रुपमा ल्याएको छ । अर्जुनचौपारी गाउँपालिकाले ५ बर्ष पदावधि सकिएका प्रधानाध्यापकहरुको प्रक्रिया शिक्षा नियमावली अनुसार अगाडी बढाउन निर्देशन दिएको छ । पालिका भित्रका सामुदायिक विद्यालयका व्यवस्थापन समितिलाई ५ बर्ष पदावधि पुगेका प्रअहरुको नयाँ नियुक्ति पक्रिया थाल्न निर्देशन दिएको हो । शिक्षा नियमावली २०५९ को दफा ९३ को उपदफा (८) बमोजिम प्रधानाध्यापकको पदावधि ५ बर्ष तोकिएको छ । सोही नियमावलीको कार्यन्वयन गर्दै गाउँपालिकाले पालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयका प्रअहरुको नयाँ नियुक्ति प्रक्रिया अगाडी बढाएको जनाएको छ । शिक्षा नियमावलीमा ५/५ बर्षमा नयाँ प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था भएपनि अहिले सम्म कुनै पालिकाले कार्यन्वयन गरेका छैनन् । तर अर्जुनचौपारी गाउँपालिकाले भने कानुनलाई कार्यन्वयन गर्न यो नियमावली लागु गर्न लागिएको पालिकाका अध्यक्ष प्रकाश तिवारीले जानकारी दिए । पालिकाभित्र प्रावि देखी मावि सम्म २८ ओटा सामुदायिक विद्यालयहरु रहेका छन् उनले भने,'सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई कानुनमा रहेको व्यवस्था जानकारी दिएका छौं ।' कतिपयलाई कानुनमा भएको व्यवस्था थाहा नहुन सक्छ भनेर शिक्षा नियमावलीमा भएको व्यवस्थालाई जानकारी गराउने काम थालेका हौ उनले भने।

पालिकालाई शैक्षिक गुणस्तरीयमा अब्बल बनाउन कानुन अनुसार काम गरिरहेको अध्यक्ष तिवारीले बताए। नीतिगत सुधार सगै प्रक्रियागत सुधारमा शिक्षालाई लैजान खोजेका छौं अध्यक्ष तिवारीले भने,'गुणस्तर शिक्षा प्रदान गर्न नीतिगत सुधारलाई प्रयोग गर्न खोजिएको हो ।' कानुनलाई हुवहुँ पालना गर्ने हो भने शिक्षामा आमुल परिवर्तन ल्याउन सकिन्छ उनले भने । विद्यालय व्यवस्थापन समितिलाई बलियो बनाउनका लागि पनि शिक्षा नियमावली लागु गर्न आवश्यक देखिएको अध्यक्ष तिवारीले बताए।

शिक्षाको गुणस्तरीयता बलियो बनाउन शिक्षा ऐनले धैरै अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिएको छ। तर शिक्षा ऐन र नियमावली सिमितिले अध्ययन नगर्दा शिक्षामा शिक्षक र प्रधानाध्यापकले राजनीतिलाई प्रश्चय दिएका छन्। जसले गर्दा शिक्षाको गुणस्तर खस्कदो छ भन्ने आरोप शिक्षकहरुले खेप्दै आएका छन् । शिक्षा नियमावली ५९ को दफा ९३ को उपदफा (२), (३), (४), (५), (६), (७) मा प्रत्येक ५ बर्षमा प्रअको नयाँ नियुक्तिको व्यवस्था गरिएको छ। उपदफा (८) मा प्रधानाध्यापकको पदावधि ५ बर्ष तोकिएको र पुन सोही व्याक्ति प्रधानाध्यापक हुन पाउने पनि व्यवस्था उल्लेख गरिएको छ। यसै कानुनलाई टेकेर अर्जुनचौपारी गाउँपालिकाले प्रअको नयाँ नियुक्तिको प्रक्रिया थालनी गर्न सबै विद्यालयलाई निर्देशानुसार अनुरोध गरेको छ।

गुणस्तरीय शिक्षाका लागि अन्य पालिकाले पनि शिक्षा ऐन र शिक्षा नियमावली कार्यन्वयनमा लैजानु आवश्यक देखिन्छ। अर्जुनचौपारी गाउँपालिकाले कानुनको पालना गर्ने प्रक्रियाको शुभारम्भको अभिभावकहरुले प्रशंसा गरेका छन्।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# जनप्रियका उत्कृष्ठ विद्यार्थीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन



जनप्रिय बहुमुखी क्याम्पसले वार्षिक र सेमेस्टर परीक्षा प्रणालीमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई मङ्गलबार सम्मान बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न गरेको छ।

प्रमुख अतिथि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत् व्यवस्थापन समितिकी अध्यक्ष नम्रता बरालले कडा परिश्रम गरेर सर्वोकृष्ट नतिजा ल्याउने विद्यार्थीले नै जनप्रियको शाखमा लोकप्रियता थपेको बताइन्। बरालले आफ्नो क्षमताको पहिचान गरेर उच्चशिक्षा लिएमा अब्बल हुने धारणा राख्दै मिहिनेतले नै जीवनमा परिवर्तन आउने जनाइन्। निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्काले जनप्रियबाट नेपाल टप र क्याम्पस टप गरेका विद्यार्थीलाई उच्चशिक्षाको सफलताको शुभकामना दिँदै आफूले रुचाएको विषय अध्ययन गरे दक्षता हासिल गर्न मद्धता पुग्ने जनाए। खड्काले उच्चशिक्षाका लागि जनप्रिय क्याम्पस गण्डकीको गौरव भएको बताए। सहायक क्याम्पस प्रमुख मेखराज पौडेलले उत्कृष्ट नतिजाका लागि करिअर काउन्सिलिङको आवश्कता र महत्वमाथि प्रकाश पार्दै सफलताका लागि रुचिको विषय छनौट गर्न सुझाए। पौडेलले मानित विश्वविद्यालय उन्मुख जनप्रिय क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट २ गुणमापन तथा प्रत्यायन प्रमाणपत्र पाएको जानकारी दिँदै शिक्षा मन्त्रालयबाट २ पटक मुलुकभरिकै सामुदायिक क्याम्पसहरूमा सर्वोकृष्ट पुरस्कार पाएको हुँदा जनप्रिय उच्चशिक्षाका लागि ब्राण्ड बनेको बताए। विएस्सी माइक्रो वायोलोजीकी संयोजक कल्पना गौतम अधिकारी, बिबिए, बिआईएमका संयोजक यमकुमार बराल, स्वायत्त कार्यक्रम स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापनकी संयोजक दिव्यालक्ष्मी चालिसे, अङ्ग्रेजी विभाग प्रमुख टंकराज बराल लगायतका वक्ताले सर्वोकृष्ट नतिजा हासिल गरेका विद्यार्थीहरू जनप्रियको दूत भएको बताउँदै शुभकामना दिएका थिए। सम्मानित विद्यार्थी परिवर्तन शर्मा र विजयकुमार दासले जनप्रियमा अध्ययन गर्दाको आफ्नो अनुभव साटासाट गरेका थिए।

बिआईएममा अभिशेख शर्माले ४ जिपिएसहित नेपाल टप गरेका थिए भने परिवर्तन शर्मा र प्रकृति बरालले ३.९९ जिपिएसहित दोस्रो स्थान ल्याएका थिए। त्यस्तै बिबिएतर्फ सौगात भुसाल र रिया अधिकारीले ३.९८ जिपिएसहित मुलुकभरिमा दोस्रो स्थान हासिल गरेका हुन्। मानविकीतर्फ सोनाम खत्री, अशोक थापा, स्नेह लामा, शिक्षाशास्त्रतर्फ अमिता गुरुङ, तिलमाया गुरुङ, बसन्त बराल, व्यवस्थापनतर्फ निरु राना, त्रिशाक कपाली, नवराज पौडेल र विज्ञान सङ्कायतर्फ ताजस्विनी ढकाल, गोविन्द रावल र इन्द्रजित अधिकारी सर्वोकृष्ट भई सम्मानित भएका हुन्। प्लस टु कार्यक्रम संयोजक गणेश चालिसेको अध्यक्षतामा सम्मन्न कार्यक्रममा अर्थशास्त्र विभागकी प्रमुख शिलु चालिसेले स्वागत मन्तव्य राखेकी थिइन भने उपप्राध्यापक वेदहरि तिमिल्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए।

# पर्यटन क्षेत्रका समस्या लगायतमा संघीय मन्त्रीलाई स्मरणपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन



नेपाल लोकतान्त्रिक पर्यटन ब्यावसायी संघ, गण्डकी प्रदेश सहित पोखराका पर्यटन व्यवसायीले पोखरा सहित गण्डकी प्रदेशको पर्यटन क्षेत्रमा विद्यमान समस्या लगायतका विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेलाई स्मरणपत्र प्रस्तुत गरेका छन्।

संघका गण्डकी प्रदेश संयोजक सोमबहादुर थापामगर सहित पोखराका पर्यटनसम्बद्ध क्षेत्रका प्रतिनिधिले विभिन्न विषयमा मन्त्री पाण्डेलाई स्मरणपत्र प्रस्तुत गर्दै समसामयिक विषय बारे जानकारी गराएका हुन्।

संयोजक थापाले प्रस्तुत गर्नुभएको स्मरणपत्रमा पर्यटनका लागी आवश्यक गुणस्तरीय विकासका लागि पूर्वाधार नभएको भन्दै सडक सञ्जाल कमजोर, विमानस्थल बनेर पनि उडान हुन नसक्नु दुःखदायी अवस्था भएको भनिएको छ। प्राकृतिक संकट व्यवस्थापन अर्को चुनौती बनेको बनेको उल्लेख गर्दै संघले पूर्वानुमान गर्न नसक्नु र तत्काल रेस्पोन्स गर्न नसक्नुले सरकारी निकाय प्रतिको विश्वास घट्दै गएको भनिएको छ। पर्यटन क्षेत्रको बजारीकरण कमजोर बन्दै जानु, पर्यटन बोर्डले आफ्नो कार्य क्षेत्र र उद्देश्य विपरित बजेट विनियोजन गर्नु, आर्थिक अनियमितता जस्ता विषय समस्याका रुपमा देखिएको जनाइएको छ। एउटै व्यवसाय धेरै ठाउँमा दर्ता गर्ने व्यवस्थाले व्यवसायी पटक पटक केन्द्र धाउनुपर्ने अवस्थामा सहजीकरण गर्नुपर्ने, वातावरणीय प्रभावका नाममा व्यवसायीले पाइरहेको दुःख स्मरणपत्रमा उल्लेख गरिएको छ। पदयात्रा पर्यटनमा सम्भावना भएका र पदयात्राको हिसावले ख्याति कमाएका क्षेत्रमा विना अध्ययन निर्मित सडक व्यवस्थित गर्नुपर्ने भन्दै संघले पर्यटकीय क्षेत्रमा मौलिक घरका संरचना संरक्षणका नीति नै बनाएर अघि बढ्नुपर्ने सुझाएको छ।

त्यस्तै पर्यटकसँग लिइने प्रवेश शुल्क एक द्वार प्रणालीबाट उठाइ स्थानीय सरोकारवालाको माग सम्बोधन गर्नुपर्ने, व्यवसायीलाई अझ आकर्षित गर्न उत्प्रेरणा जगाउनुपर्ने, व्यवसायी पलायन रोक्नुपर्ने नेपालमा भएका ट्राभल्स, ट्रेकिंङ्ग र ऱ्याफ्टीङ्ग एजेन्सिजलाई विभिन्न देशमा शाखा खोल्न प्रेरित गर्नुपर्ने लगायतका विषय उल्लेख गरिउको छ। विदेशी मुद्रा कारोवारमा डिजिटल भुक्तानी प्रक्रृया सहज बनाउनुपर्ने लगायतका विषयमा सुझाइएको छ। नेपाल एशोसिएसन अफ राफ्टिङ एजेन्सिज(नारा) का पूर्व केन्द्रीय अध्यक्ष निम मगरले सरकारले जलयात्राका लागि अनुमतिपत्र दिए पनि ठाउँ ठाउँमा बाँधहरू बनाइँदा आँफूहरूको जलयात्रा पर्यटन प्रभावित बनेको बताउनुभयो। उक्त अवसरमा रेष्टुरेन्ट एण्ड बार एशोसिएसन(रेवान) पोखराका पूर्व अध्यक्ष चौबहादुर गुरुङ, पर्यटन व्यवसायी सुकबहादुर गुरुङ लगायतले पर्यटन क्षेत्रका समस्या बारे जानकारी गराउनुभएको थियो। नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् पर्यटन विभागका संयोजक आङ्गेलु शेर्पा र नेपाल लोकतान्त्रिक पर्यटन व्यवसायी संघका केन्द्रीय संयोजक दीपक महतले मन्त्री पाण्डेसँगको भेटघाटलाई संयोजन गर्नुभएको थियो।

# गण्डकी प्रदेश सरकारद्वारा प्रहरीलाई उपकरण सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

गण्डकी प्रदेश सरकारले प्रविधिको प्रयोगमार्फत ट्राफिक व्यवस्थापनलाई थप चुस्त र प्रभावकारी बनाउने उद्देश्यले प्रहरीलाई उपकरण सहयोग गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार आयोजित एक कार्यक्रमका बीच मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक दुर्गा सिंहलाई दुई थान ब्रेथलाइजर र एक थान राडर गन हस्तान्तरण गर्नुभयो। प्रहरी नायब महानिरीक्षक सिंहले पछिल्लो समय ट्राफिक प्रहरीले तीव्र गतिका कारण हुने सवारी दुर्घटना न्यूनीकरणका लागि राडर गन, टाइम कार्डलगायत प्रविधिको प्रयोग गर्दै आएको जानकारी दिनुहुँदै प्राप्त उपकरणले सो अभियानमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। यस्तै प्रहरीले यहाँ सवारी चालकले मादकपदार्थ सेवन गरे/नगरेको जाँचका लागि ब्रेथलाइजर प्रयोग गर्दै आएको छ। ब्रेथलाइजरको सहयोगमा मादकपदार्थ सेवनगरी सवार ।साधन चलाउने चालकलाई नियन्त्रणमा लिई कारबाही गर्न थालेपछि 'मापसे' गरेर सवारी चलाउने प्रवृत्ति घटेको जनाइएको छ।

# पहिरोले बगाएको सिँचाइ नहर मर्मत

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोला र पोखरा महागनरपालिका-१९ पुरुनचौरको मुख्य सिँचाइ नहर सञ्चालनमा आएको छ।

गत असार १७ गते राति पहिरोले क्षति पुगेको सिँचाइ नहर पुनःनिर्माणपछि सोमबार ३५ दिनपछि सञ्चालनमा ल्याइएको हो। सार्दिखोला पुरुनचौर सिँचाइ आयोजनाको नहर पुरुनचौरको स्थानीपातल तथा सार्दिखोलाका विभिन्न आठ स्थानमा पहिरोले क्षति पुर्याएको थियो।

धान रोप्ने बेलामा सिँचाइ नहर पहिरोले बगाएपछि किसानले आकाशको पानीमा निर्भर रहेर दुःखका साथ रोपाइँ गरेका थिए। धान रोपाइँ गरे पनि रोपेको धान मर्न थालेपछि किसान चिन्तित बनेका थिए। रोपेको धानमा पानी अभावमा सिँचाइ हुनसकेको थिएन। सिँचाइ आयोजनाबाट सार्दिखोलाको एक सय र पुरुनचौरका तीन सय ५० हेक्टर जमिन सिँचाइ हुँदै आएको छ। पुरुनचौरका स्थानीय अगुवा दीपक पौडेलले स्थानीयवासीको अथक प्रयासपछि सिँचाइ नहर सञ्चालनमा आएको बताउनुभयो। मेसिन र मौसमका कारणले नहर सञ्चालमा ढिलाइ भएको पौडेलले बताउनुभयो। नहर सञ्चालन भएर खेतमा पानी लगाउन पाएपछि किसानमा खुसीयाली छाएको छ। सो नहरको पानी सार्दिखोला र पुरुनचौरमा साँझ-बिहान पालो लगाएर खेतमा लगाउने गरिएको छ। पौडेलले नहर पुनःनिर्माणका लागि रु १५ लाख खर्च भएको बताउनुभयो। नहर पहिरोले बगाएपछि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, पोखरा महानगरका प्रमुख धनराजआचार्यलगायतलेस्थलगत निरीक्षण गरी किसानलाई सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।"प्रदेश सरकार र महानगरबाट नहर पुनःनिर्माणका लागि सहयोगको प्रतिबद्धता प्राप्त भएको छ। अहिले हामी आफैं उपभोक्ताले केही रकम सङ्कलन गरेर काम सम्पन्न गरेका छौं। अब नहर सञ्चालन भएको छ, सरकारले दिने भनेको पैसाका लागि प्रक्रिया अघि बढाउँछौं", पौडेलले भन्नुभयो। सार्दिखोला पुरुनचौर सिँचाइ विसं २०५२ मा निर्माण गरिएको हो। माछापुच्छ्रे-२ सार्दिखोलाको पानी पाँच किमी लामो नहरमार्फत ल्याएर पुरुनचौर र सार्दिखोलाको भुर्जुङखोलाको जमिनमा सिँचाइ गरिँदै आइएको छ।

# मौसमजन्य विपद्मा एकैदिन ११ जनाको मृत्यु

**रासस**
काठमाडौं, २२ साउन

विपद्का घटनामा परी आज देशका विभिन्न जिल्लामा ११ जनाको मृत्युभएको छ। योसँगै अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी हालसम्म एक सय ६५ जनाको मृत्यु भएको छ। हिजोसम्म एक सय ५४ जनाको मृत्यु भएको थियो।

मंगलबार बागलुङ र गुल्मीमा बढी मानवीय क्षति भएको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबाहादुर कार्कीले जानकारी दिनुभयो। बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २५, मधेस प्रदेशमा छ, बागमती प्रदेशमा ३०, गण्डकी प्रदेशमा ५०, लुम्बिनी प्रदेशमा ३३, कर्णाली प्रदेशमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जना गरी हालसम्म एक सय ६५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

विपद्मापरी आजसम्म एक सय ९८ जना घाइते भएका छन् भने एक सय ५१ जना बेपत्ता भएका छन्। प्रहरी प्रवक्ता कार्कीले आज मात्रै थप चार जना बेपत्ता भएका जानकारी दिनुभयो। उक्त अवधिमा विपद्का घटनाबाट चार हजार दुई सय ५९ घर परिवार विस्थापित भएका छन्।


## दुषित पानीका कारण हुने रोगप्रति सजगत रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छन्।

त्यसैले:


- ◆खोला, धारा वा मुलको पानी सिधै नपिऔं,
- ◆पानी उमालेर मात्र पिऔं,
- ◆उमाल्न सम्भव नभएमा शुद्धिकरण गरेर मात्र पिऔं,
- ◆पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# बंगलादेशमा निरंकुशताविरुद्ध विद्रोह

लगातार १५ वर्ष बंगलादेशमा शासन गरेकी शेख हसिना आफ्नो सरकार विरोधी आन्दोलनका कारण ज्यानै खतरामा परेपछि सोमबार देश छोडेर भागेकी छन् । सोमबार भारत पुगेकी उनी त्यहाँबाट अमेरिका जान खोजेकी थिइन्, अमेरिकाले भिसा दिन अस्वीकार गरेको छ ।उनी लन्डन जाने तयारी गरिरहेकी छन् ।हसिनाको बहिर्गमनको खुसीयालीमा बंगलादेशमा हर्षोल्लास भइरहेको छ । आइतबार भएको निकै ठूलो हिंसात्मक झडपमा करिब १०० जना मारिएपछि सोमबार आन्दोलन झन् चर्केको थियो । देशव्यापी कर्फ्यू जारी भए पनि त्यसको अवज्ञा गर्दै विद्यार्थीहरूको नेतृत्वमा भइरहेको आन्दोलन चर्किएपछि हसिना देशै छोड्ने अवस्थामा पुगिन् ।

१९८१ फेब्रुरुअरी १६ मा अवामी लिगको अध्यक्ष भएपछि उनी मे १७ मा बंगलादेश फर्किइन् । त्यतिबेला उनलाई हजारौँ समर्थकले स्वागत गरेका थिए । हसिनाका पिता रहमानले सन् १९७१ मा बंगलादेशलाई पाकिस्तानबाट स्वतन्त्र बनाउन नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । रहमानले बंगलादेशको स्वाभिमान र आत्मनिर्भरताको सपना बोकेका थिए । उनको हत्यापछि भने त्यही सपना बोकेर हसिना राजनीतिमा होमिएकी हुन् । १९८१ मा अवामी लिगको अध्यक्ष भएयता उनी राजनीतिमा सक्रिय थिइन् । सुरुआती दिनमा देशमा लोकतन्त्र स्थापनाका लागि संघर्ष गरिन् । निर्वासनबाट बंगलादेश फर्केपछि उनी बीएनपी नेतृ तथा पूर्वप्रधानमन्त्री खालिदा जियासँग जोडिइन् । दुई नेतृहरूको अगुवाइमा १९९० मा भएको आन्दोलनले बंगलादेशमा हुसेन मोहम्मद एर्सादको सैनिक शासनलाई विस्थापित गर्न सफल भएको थियो । लोकतन्त्र स्थापित भएपछिको आमचुनावमार्फत सन् १९९१ देखि जियाले पाँच वर्ष शासन सत्ता सम्हालिन् । यसबीचमा हसिना र जियाबीचको सम्बन्ध चिसियो । उनीहरूको सम्बन्ध चिसिएसँगै बंगलादेशको राजनीति अस्थिर बन्न पुग्यो । हसिना भने १९९६ मा पहिलोपटक प्रधानमन्त्री बनेकी थिइन् । त्यसको पाँच वर्षपछि भने उनी जियासँग पराजित भइन् । जसका कारण २००१ देखि २००६ सम्म पुनः जिया प्रधानमन्त्री भइन् । यसबीचमा दुई नेतृहरूबीचको सम्बन्ध थप बिग्रियो । उनीहरूबीचको द्वन्द्व राजनीतिक प्रतिस्पर्धामा मात्र सीमित नरही प्रतिशोधतर्फ अघि बढ्न थाल्यो ।

दुई नेतृबीचको राजनीतिक प्रतिशोधसँगैका विरोध प्रदर्शन, हिंसा र झडपहरूका कारण तोकिएको चुनाव हुन नसकेपछि सेनाले सत्ता हातमा लिएको थियो । पछि सेना प्रमुख जर्नेल मोहिन उद्दिन अहमदले अर्थशास्त्री फकरुद्दिन अहमदलाई प्रमुख सल्लाहकारका रूपमा कामचलाउ सरकारको नेतृत्वको जिम्मा दिएका थिए । अहमद नेतृत्वको सरकारले जियालाई भ्रष्टाचार र हसिनालाई जबर्जस्ती असुलीसम्बन्धी मुद्दा लगाएर जेल हालेको थियो । मुद्दा फिर्ता लिइएपछि हसिना २००८ को जुन र जिया सेप्टेम्बरमा रिहा भए । सोही वर्षको डिसेम्बर २९ मा भएको चुनाव अवामी लिगले भारी मतले जितेपछि हसिना प्रधानमन्त्री बनिन् । २००९ यता उनी लगातार सत्तामा थिइन् तर दुई नेतृबीचको द्वन्द्व भने झन् बल्झिँदै गएको थियो । 'बेगम-युद्ध' का नामले चर्चित हसिना र जियाबीचको द्वन्द्व बंगलादेशको राजनीतिमा हाबी छ । सँगै चार दशकभन्दा लामो समय लोकतन्त्रका लागि आफ्नो जीवन हत्केलामा राखेकी हसिनाको व्यवहार भने फेरिँदै गयो । पछिल्लो कार्यकालमा त हसिना लोकतन्त्रवादीबाट तानाशाहीको बाटोमा निरन्तर अघि बढेको भन्दै उनको थप आलोचना भइरहेको थियो । अझ भनौं, २०१४ यता त जियासहित विपक्षीहरूप्रति हसिनाको प्रतिशोधको पारो चढेको थियो ।

सन् २०१४ को जनवरीमा विपक्षी दलले अस्वीकार गरेको निर्वाचनमार्फत तेस्रो पटक प्रधानमन्त्रीमा निर्वाचित भएपछि उनको अन्तर्राष्ट्रियस्तरमा नै आलोचना भएको थियो । सन् २०१८ मा उनी चौथो कार्यकालका लागि प्रधानमन्त्रीमा निर्वाचित भएको चुनावमा पनि विपक्षीले धाँधली भएको आरोप लगाएका थिए । ती आरोपहरूको कुनै किसिमको प्रभाव हसिनामा भने परेन । गत पुसमा भएको संसदीय चुनाव पनि प्रमुख प्रतिपक्ष दल बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी) ले निस्पक्षताको प्रश्न उठाउँदै बहिष्कार गरेको थियो । विपक्षीले बहिष्कार गरेको चुनावको विश्वसनीयतालाई लिएर अन्तर ष्ट्रिय जगतबाटै प्रश्न उठ्नु स्वाभाविक थियो । अघिल्लो चुनाव जस्तै यस पटक पनि हसिनाले विपक्षीको बहिष्कारका बीच चुनाव गराइन् । चुनावमा प्रधानमन्त्री हसिनाको बंगलादेश अवामी लिग विजयी भयो । चुनावबाट उनी पाँचौँ पटक (लगातार चौथोपटक) प्रधानमन्त्री बनेकी थिइन् ।

बंगलादेशको जातीय संसद् (राष्ट्रिय संसद्) मा ३५० सांसद हुन्छन् । गत पुसमा २९९ निर्वाचन क्षेत्रमा चुनाव भएको थियो । स्वतन्त्र उम्मेदवारको मृत्यु भएपछि नवगाउँ-२ को चुनाव स्थगित गरिएको थियो । बाँकी ५० सिट महिलाका लागि आरक्षित थिए । उक्त चुनावमा हसिनाको दल २२३ सिटमा विजयी भयो । अवामी लिगपछि भने स्वतन्त्र उम्मेदवारहरूले धेरै सिट जिते । ६१ क्षेत्रमा स्वतन्त्र उम्मेदवार विजयी भए । संसद्को प्रमुख प्रतिपक्षी जातीय पार्टी ११ सिटमा खुम्चियो । यसअघि २०१८ मा भएको चुनावमा अवामी लिग २५८ र जातीय पार्टी २७ सिटमा विजयी भएका थिए । चुनावमा ४० प्रतिशतभन्दा पनि कम मतदान भएको थियो । बीएनपीले धाँधलीपूर्ण चुनाव मानेन । चुनाव बहिष्कार गरेको बीएनपीले समस्या समाधानका लागि हसिनाको राजीनामा र तटस्थ निकायलाई नयाँ चुनाव गराउने जिम्मा दिनुपर्ने माग गर्दै आएको थियो । हसिनाले भने उक्त माग अस्वीकार गर्दै आएकी थिइन् । त्यसका साथै प्रतिपक्षले सरकारविरोधी प्रदर्शनका लागि उक्साएको हसिनाको आरोप थियो । त्यसपछि चर्केको आन्दोलनमा सोमबारसम्म तीन सय जना मारिएका थिए । विपक्षी माथि निरंकुश र प्रतिशोध र इन्टरनेट बन्द गरेर आन्दोलन दमन गर्न खोज्दा आरक्षण विरुद्ध शुरु भएको आन्दोलन चर्किदा हसिनाको नराम्रो पतन भएको छ । सेनाको समर्थनमा अन्तरिम सरकार बन्ने भएको छ । एकजनाको निरंकुशता विरुद्ध विद्रोह गर्दा अर्को नियन्त्रित शासन भोग्ने अवस्था आउने हो कि भन्नेबारे सोच्नुपर्छ ।

# पहिरोले कालीगण्डकी करिडोर अवरुद्ध

**रासस**
बागलुङ, २२ साउन

अविरल वर्षाले कालीगण्डकी करिडोर अवरुद्ध भएको छ । सोमबार साँझदेखि परेको भारी वर्षाका कारण पहिरो खस्दा राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको करिडोर पूर्ण रूपमा अवरुद्ध भएको हो ।

करिडोरको बागलुङ नगरपालिका-१० दब्ल्याङमा पहिरो खस्दा करिडोर अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी जानकारी दिनुभयो । करिडोर अवरुद्ध हुँदा लामा तथा छोटो दूरीका सवारीसाधन ठप्प भएको उहाँले बताउनुभयो । अहिले वर्षा भइरहेको हुँदा सडक खुलाउन नसकिने जनाउँदै वर्षा रोकिएपछि खुलाउने प्रनाउ यादवले बताउनुभयो ।

सडक अवरुद्ध हुँदा सदरमुकामसँग दक्षिण बागलुङको सिधा यातायात बिच्छेद भएको छ । पहिरोले सडक नै भासिएको छ । गतहप्ता पनि अवरुद्ध भएको सडक सोमबार दिउँसो सञ्चालनमा आएकामा गएरातिको भारी वर्षाले सडक पुनः अवरुद्ध भएको हो ।

# काँक्रोको बीउ बचेरे दुई करोड आम्दानी

**रासस**
पर्वत, २२ साउन

जलजला गाउँपालिका-७ धाइरिङका किसानले काँक्रोको बीउ बिक्री गरेर रु दुई करोड भित्र्याउन सफल भएका छन् ।

व्यावसायिक रूपमा तरकारी उत्पादनमा सक्रिय सल्यान गाउँका करिब ७० घरधुरीले काँक्रोको बीउ उत्पादन गरेका हुन् । उनीहरूले भक्तपुर लोकल जातको काँक्रोखेती गरेका थिए । यसवर्ष यहाँ करिब दुई हजार किलोभन्दा बढी काँक्रोको बीउ उत्पादन भएको अगुवा किसान एकनारायण पौडेलले जानकारी दिनुभयो ।

गत वर्षभन्दा यसवर्ष उत्पादित बीउले राम्रो मूल्य पाएको उहाँले बताउनुभयो । यहाँका किसानले विगत दुई दशकदेखि व्यावसायिक रूपमा काँक्रोको बीउ उत्पादन गर्दै आएका छन् । पौडेलले भन्नुभयो, "गतवर्ष प्रति किलो रु पाँच हजारदेखि रु छ हजारमा बिक्री भएकामा यसपटक मूल्य बढेर रु १० हजारदेखि दश हजार पाँच सयसम्ममा बिक्री भयो"। व्यवसायीहरूले गाउँमै आएर बीउ खरिद गर्ने गरेको उहाँको भनाइ छ । काँक्रोको बीउ बिक्री गरेर यसवर्ष थोरैमा रु तीन लाखदेखि धेरै आम्दानी गर्नेले रु दश लाखसम्म आम्दानी गरेको उहाँको भनाइ छ । राम्रो मौसम परेकाले यसपाली सल्यानको फाँटमा काँक्रोको बीउ उत्पादन राम्रो भएको किसान बलराम आचार्यले बताउनुभयो ।

किसान आचार्यले भन्नुभयो, "गतवर्ष ४० किलो उत्पादन भएकामा यस वर्ष ७५ किलो उत्पादन गरेँ "। प्रतिकिलो रु दश हजारका दरले बिक्री गर्दा रु सात लाख ५० हजार आम्दानी भएको उहाँको भनाइ छ । यहाँ उत्पादन भएको काँक्रोको बीउ सङ्कलन गरेर एक हजार किलो काठमाडौँस्थित न्यू ग्रेसको सिट सप्लायर्सलाई पठाइएको किसान पौडेलले बताउनुभयो । पौडेलका साथै वडाध्यक्ष टुङ्गनाथ आचार्य, स्थानीय गोपाल आचार्य, इन्द्र पौडेलले गाउँमा उत्पादन भएको बीउ सङ्कलन गरेर बिक्रीका लागि काठमाडौँ, पोखरा र बेनी पठाउने गर्नुहुन्छ । स्थानीय नवराज शर्मा यसवर्ष गाउँभरिमा सबैभन्दा धेरै ९७ किलो काँक्रोको बीउ उत्पादन गरेर रु नौ लाख ७० हजार आम्दानी गर्न सफल हुनुभएको छ । उत्पादन भएको काँक्रोको बीउले राम्रो मूल्य पाएपछि किसान उत्साहित भएका छन् । यहाँका किसानले २० वर्षदेखि निरन्तर रूपमा काँक्रो र गोलभेडाको बीउ उत्पादन गरेर गाउँमा रु दुईदेखि रु तीन करोडसम्म भित्र्याउने गरेका छन् । पछिल्ला केही वर्षयता काँक्रो र गोलभेडाको बीउले राम्रो मूल्य पाउन थालेपछि विदेश पुगेका युवासमेत गाउँ फर्किएर कृषि खेतीमा लागेको युवा किसान टेकनारायण आचार्यले बताउनुभयो । तरकारी र बीउ उत्पादनको पकेट क्षेत्र रहेको धाइरिङका किसानले व्यावसायिक रूपमा ताजा तरकारी उत्पादन गरेर पनि राम्रो आम्दानी लिने गरेका छन् ।यहाँ उत्पादन भएको तरकारी छिमेकी जिल्ला म्याग्दीको सदरमुकाम बेनी, मुस्ताङ, बागलुङ, कुस्मा र पोखरासम्म पुग्ने गर्दछ । ताजा तरकारी र बीउ उत्पादन गरेर यहाँका किसानको जीवनस्तरमा सकरात्मक परिवर्तन भएको जलजला-७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यको भनाइ छ । बीउबाहेक यहाँ मौसमी तथा बेमौसमी तरकारीको पनि व्यावसायिक खेती हुने गरेको छ । यहाँका स्थानीयले धान, कोदो जस्ता अन्नबाली छाडेर तरकारी खेतीलाई मुख्य पेसाका रूपमा अपनाएका छन् । धाइरिङ बाहेक जिल्लाको फलेवास नगरपालिका-१० कर्घा, वडा नं ११ पाङराङ र विहादी गाउँपालिका-१ बाच्छामा पनि काँक्रोको बीउ उत्पादन हुँदै आएको छ ।

# वृद्धाश्रममा लायन्स क्लबद्धारा १ लाख बराबरको खाद्यान्न सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन



लायन्स क्लब अफ् पोखरा रानीबन र लेकसाईडको सयुक्त आयोजनामा पोखरा ३२, लामेआहाल स्थित राधाकृष्ण बृद्धाश्रममा एक लाख बराबरको खाद्यान्न तथा पन्ध्र हजार नगद हस्तान्तरण गरिएको छ ।

जिएसटी डिस्ट्रिक्ट कोडिनेटेर तथा एल सि पोखरा रानीबनका एक्सटेन्सन चियर पर्सन लायन जगन्नाथ तिमील्सिनाको संयोजकत्व तथा लेकसाईड लायन्सका अध्यक्ष धर्मराज थापाको अध्यक्षतामा औपचारीक कार्यक्रम मार्फत त्यहा रहेका क़रीब ८० जना बृद्धबृद्धा रहेका उक्त आश्रममा समितिका अध्यक्ष प्रेम लीगललाई सामग्री हस्तान्तरण गरियो भने समितीको तर्फ़बाट दुबै क्लबलाई सम्मान पत्र प्रदान गऱ्यो । करीब २५/३० जनाको उपस्थिती रहेको सो कार्यक्रममा संयोजक एमजेएफ तिमिल्सिनाले केही हुनेले नहुनेलाई सक्तले असक्तलाई सहयोग गर्नु नै मानब धर्म भएको भन्दै सम्पूर्ण लायनहरुलाई मानब सेवामा लाग्न आव्हान गर्नुभयो । सोही क्रममा डिस्ट्रिक्ट जिएलटि डिपार्टमेन्ट हेड श्रीकृष्ण श्रेष्ठले पद गहना नभई ज़िम्मेवारी भएको भन्दै तेसतर्फ़ ईमानदारीपूर्वक लाग्न सुझाब दिनुभयो ।

लेकसाईड क्लबका सचिब कमल बहादुर भुजेलद्धारा संचालित कार्यक्रममा लेकसाईड लायन्सका पूर्व अध्यक्ष कृतिबल्लव त्रिपाठीले जन्मदिनको अबसरमा दश हजार र लायन्स क्लब अफ़ पोखरा रानीबनका अध्यक्ष दीपेन्द्रबहादुर आचार्यले क्लबको तर्फ़बाट पाँच हजार नगद हस्तान्तरण गरेका थिए । उक्त कार्यक्रममा रानिबन क्लबका फस्ट भिपि एलिमा थापा, सेकेण्ड भिपि बीर बहादुर सुनार र सचिब मोहन प्रसाद सूबेदी तथा लेकसाईड क्लबका डिपार्टमेण्ट सेक्रेटरी नवराज अधिकारी, रिजन चेयरपर्सन नबराज अधिकारी, डिपार्टमेण्ट अफ़सिर कृष्ण कुमार श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो ।

# इरानलाई पराजित गर्दै नेपाल काभा महिला भलिबलको फाइनलमा

**रासस**
काठमाडौं, २२ साउन

नेपाल सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला नेशन्स लिग भलिबलको फाइनलमा प्रवेश गरेको छ । मंगलबार भएको दोस्रो सेमिफाइनलमा इरानलाई ३-० को सोझो सेटमा पराजित गर्दै नेपालले फाइनलमा भारतसँगको भेट पक्का गरेको हो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा समूह चरणको हारको बदला लिँदै नेपालले इरानविरुद्ध शानदार जित दर्ता गऱ्यो । निकै प्रतिस्पर्धात्मक खेलको पहिलो सेट नेपालले इरानलाई २५-२१ ले पराजित गऱ्यो । इरानसँग १-५ ले पछि परेको अवस्थाबाट लगातार पाँच अङ्क जोडदै नेपालले अग्रता लिएको थियो । खेलको दोस्रो सेट भने निकै प्रतिस्पर्धात्मक रह्यो । एक समय १५-९ को अग्रता बनाएको नेपाल अन्त्यतिर २१-२४ ले पछि परेको थियो ।

त्यसपछि नेपालले लगातार तीन अङ्क जोड्दै खेललाई बराबरीमा ल्यायो र अन्ततः नेपालले इरानमाथि २८-२६ को जित निकाल्यो । खेलको तेस्रो सेट भने नेपालले २५-२० ले आफ्नो पक्षमा पार्न सफल भयो । प्रतियोगितमा नेपाल अङ्क तालिकाको दोस्रो र इरान तेस्रो स्थानमा रहँदै सेमिफाइनल प्रवेश गरेका थिए । यसअघि भएको लिग चरणको दोस्रो खेलमा इरानले नेपाललाई ३-२ को सेटमा पराजित गरेको थियो । सोही हारको बदला लिँदै नेपालले प्रतियोगिताको फाइनमा भारतसँगको भेट पक्का गर्न सफल भयो । लिग चरणको खेलमा नेपालले श्रीलङ्का र माल्दिभ्सलाई समान ३-० को सेट र भारतलाई ३-२ को सेटमा पराजित गरेको थियो । लिग चरणमा भारतसँग ३-१ को सेटमा पराजय बेहोरेको भने इरानले श्रीलङ्कालाई ३-२ तथा माल्दिभ्सलाई ३-० को सेटमा पराजित गरेको थियो । जितपछि नेपाली टोलीका मुख्य प्रशिक्षक जगदिश भट्टले अघिल्ला खेलमा भएका कमी कमजोरीलाई सुधार गर्दै इरानलाई पराजित गर्न सफल भएको बताउनुभयो । बुधबार हुने फाइनलमा नेपाल भारतविरुद्ध लिगचरणमा निकालेको जितलाई निरन्तरता दिने उद्देश्यका साथ उत्रनेछ ।फाइनलमा स्थान बनाएको थियो ।

# ५१औँ थाक खेलकुद प्रतियोगिता मार्फामा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ साउन

थाक खेलकुद तथा सांस्कृतिक प्रतियोगिताको यस वर्षको संस्करण पर्यटकीय गाउँ मार्फामा हुने भएको छ ।

आगामी असोज ५ देखि ७ गतेसम्म घरपझोङ गाउँपालिका-२ मार्फामा ५१ औँ थाक खेलकुद तथा सांस्कृतिक प्रतियोगिता आयोजना गरिएको हो । थाक खेलकुद तथा सांस्कृतिक विकास सङ्घका अध्यक्ष कृष्णकुमार शेरचनले खेल प्रतिभाको पहिचान, संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको जानकारी दिनुभयो । "५० वर्षदेखि घरपझोङ र थासाङ गाउँपालिकाको फरकफरक गाउँमा हरेक वर्ष सञ्चालन हुने थाक खेलकुदको ऐतिहासिक र सांस्कृतिक महत्त्व छ", उहाँले भन्नुभयो, "१० वटा उपसमिति गठनगरी तयारी तीव्र पारेका छौँ ।" पुरुष भलिबल, तारा खेल (घनुषवाण) (४० वर्ष माथिका) र आर्चरी (खुला), लोकनृत्य र थकाली गीत प्रतियोगिता सञ्चालन हुने थाक खेलकुद विकास तथा सांस्कृतिक संस्थाका सचिव विष्णु थकालीले बताउनुभयो । पुरुष भलिबलमा विजेता र उपविजेतालाई शिल्ड, मेडल र प्रमाणपत्रसहित नगद रु एक लाख ५० हजार र रु एक लाख पुरस्कार प्रदान गरिनेछ । धनुषवाण र आर्चरीमा विजेतालाई रु ५० हजार र उपविजेतालाई रु २५ हजार प्रदान गरिने सङ्घले जनाएको छ । नृत्य प्रतियोगितामा प्रथम, दृतीय र तृतीय हुनेलाई क्रमशः ३५ हजार, २५ हजार र १५ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र र मेडल वितरण गरिने भएको छ ।

# पाँच करोड ५० लाखमा गाउँपालिका भवन निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, २२ साउन

दक्षिण पर्वतको पैयूँ गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण सम्पन्न भएको छ ।

पैयूँ गाउँपालिका-४ हुवासस्थित भकुण्डे वगरमा भवन बनेको हो । विसं २०७८ साउन १० गतेदेखि निर्माण सुरु भएको भवन तीन वर्षमा सम्पन्न भइ सञ्चालनको तयारी गरिएको छ ।

प्रशासकीय भवन साढे तीन तलाको छ । ३८ कोठा र लिफ्टसहितको अत्याधुनिक भवन रु पाँच करोड ४८ लाख ४८ हजार नौ सय ९० लागतमा निर्माण भएको हो । १२ रोपनी क्षेत्रफलमा फैलिएको प्रशासकीय भवन निर्माण स्थलका लागि टकलाक, त्रिवेणी र हुवासका जग्गा धनीहरूले निःशुल्क जग्गा उपलब्ध गराएका थिए ।

प्रशासकीय भवन निर्माणको ठेक्का विवेक एन्ड कुवेर बिल्डर्स वालिङ स्याङ्जाले पाएको थियो । १८ महिनामा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भए पनि विभिन्न कारणले केही ढिलाइ भएको पैयूँ गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले जानकारी दिनुभयो । निर्माण सम्पन्न भएको उक्त भवन यही साउन २५ गते शुक्रबारदेखि सञ्चालनमा ल्याइने भएको छ । पैयूँ गाउँपालिकाले साउन २५ गते भवनको उद्घाटन कार्यक्रम राखेको छ । गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले भवनको उद्घाटन गर्ने कार्यक्रम रहेको प्रमुख प्रशासकीय अधिकृत राजीव रिमालले जानकारी दिनुभयो।स्थापनाकालदेखिहालसम्मपैयूँ गाउँपालिकाको कार्यालय भाडाको घरमा सञ्चालन हुँदै आएको थियो । मासिक रु एक लाख भाडा खर्च हुँदै आएकामा अबदेखि उक्त रकम बचत हुने र पालिकाको अन्य विकासमा खर्च गर्न सकिने रिमालले बताउनुभयो । पालिकाको मुख्य प्रशासनिक भवनसँगै वडा कार्यालयहरू धमाधम निर्माण भइरहेको छ । सातवटा वडा कार्यालय रहेको पैयूँमा अधिकांशका सुविधासम्पन्न कार्यालय भवन बनिसकेको र बाँकी वडामा पनि चालु आर्थिक वर्षमा बजेट व्यवस्थापन गरिएको पालिका अध्यक्ष ठकुरीले जानकारी दिनुभयो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| ककर्ट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## माइग्रेसान सर्टिफिकेट हराएको सूचना

**म पवित्रा सुवेदीको लेखनाथदेखि पोखरा जाने क्रममा प्रवीणता प्रमाण पत्र तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name : Pabitra Subedi
Symbol No : 122622
Year of completion: 2014
सम्पर्क नं. : 9846772854
ठेगाना : पोखरा महानगरपालिका-३० शिशुवा

# राम बजार ताया मचा नाच समितिको अध्यक्षमा नारायण श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन



२०६५ सालमा रामबजार बासीहरुको सहयोग र तत्कालीन तनहु समाज हङकङको बिषेश सहयोगमा स्थापना गरि रामबजारको पहिचानका साथ रामबजार तायाः मचाः नाच समिति गठन गरि नेवारी परम्पराअनुसार गाईजात्राको अवसरमा पोखराकै पहिलो महिला सहभागि गराई महिला लाखे समेत उत्पादन गरि रामबजारद्वारा महिलाहरूलाई सहभागी गराउँदै तायाः मचाः नाच प्रदर्शन गर्दै मंगलबार १७ औं बर्षमा प्रवेश गरेको अवसरमा पोखरा महानगर पालिका वडा नं १० का वडा सदस्य परमेश्वर बहादुर कार्कीको प्रमुख अथित्यतामा शुभारम्भ गरिएको छ।

नासः धो पुजा र साधारण सभा अधिवेशन तथा सम्मान कार्यक्रमको राष्ट्रिय बिभुति शंखधर शाख्वाको तस्विरमा माल्यार्पण गरि नेवारी परम्पराअनुसार द्योला गरि कार्यक्रमको शुभारम्भ गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि कार्कीले कला सास्कृति संरक्षण गर्न लागी परि हरेक बर्षको एसइइ परीक्षामा उत्तीर्ण कलाकार हरूलाई सम्मान गर्दै राम बजार क्षेत्रमा स्तरिय तायाः मचाः नाच रामबजार बासीका साथ वडाकै पहिचान गराउन सहयोग गरेको बताउनु हुदै कला संस्कृतिलाई बचाइराख्ने कर्तव्य वडाको समेत रहेको हुदाँ नाच संचालन गर्न वडाबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता गर्नुहुँदै १६ बर्ष सम्म नाचलाई बचाइराख्नु हुने समितिलाई हार्दिक धन्यवाद ब्यक्त गर्नुहुदै नब निर्वाचित पदाधिकारीहरूलाई सफल कार्यकालको शुभकामना दिनुहुदै सम्मानित सबैलाई हार्दिक बधाई दिनुभयो । साधारण सभा, अधिवेशन तथा सम्मान कार्यक्रममा निर्बाचन समितिमा समितिका सल्लाहकार नारायण प्रसाद उज्जर को संयोजक र नेवाः खलः कास्की का निबर्तमान अध्यक्ष प्रकाश पालिखे र नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सदस्य धनमाया गुरुङ्ग सदस्य रहेको निर्बाचन समितीले निर्बाचन सम्पन्न गरि नव निर्वाचित अध्यक्ष नारायण श्रेष्ठ, प्रथम उपाध्यक्ष जयन्द्र कुमार राजभण्डारी, द्वितीय उपाध्यक्ष बिश्व तण्डुकार, सचिव गोपाल राजभण्डारी, कोषाध्यक्ष शम्भु कुमार गोशली र सदस्यहरूमा निर्मला श्रेष्ठ, लक्ष्मी राजभण्डारी, जीवन श्रेष्ठ, रमेश प्रसाद श्रेष्ठ, अंकित तण्डुकार र बसन्ती तझ्यालाई निर्बिरोध निर्वाचित भएको धोषणा गर्नुहुदै नब निर्वाचित सबैलाई निर्बाचन समितीका संयोजक नारायण प्रसाद उज्जरले सपथ ग्रहण गराउनु हुँदै बढाई तथा शुभकामना दिनुभयो।

उक्त कार्यक्रममा समाज सेवी कालिका मन्दिर संचालक समितिका अध्यक्ष एवं तायाः मचाः नाच समितिका सहयोगी मनबिर गुरुङ्ग (ढासा) लाई सम्मान पत्र र दोसल्ला ले सम्मान गरिएको उक्त साधारण सभामा राम बजार नेवाः मिसा पुच रामबजार, श्री कृष्ण मन्दिर संचालक समिति राम बजार, श्री कालिका मन्दिर संचालक समिति रामबजार र राम बजार जेष्ठ नागरिक मिलन केन्द्र रामबजार लाई सम्मान पत्र द्वारा सम्मानित गरिएको सभामा २०८० सालको क्भभ परीक्षामा उत्तीर्ण कलाकार बिध्यार्थी लगायत सम्पुर्ण सहयोगी कलाकारहरूलाई प्रमाण पत्र द्वारा सम्मान गरिएको उक्त कार्यक्रममा नेवाः खलः कास्कीका अध्यक्ष अशोक पालिखे, नेवाः खलः कास्कीका नि बर्तमान अध्यक्ष प्रकाश मान पालिखे, सम्मानित ब्यक्ति मनबिर गुरुङ्ग (ढासा) रामबजार सोसाइटी यूकेका पुर्व अध्यक्ष रूपक गुरुङ्ग, रामबजार नेवाः मिशाः पुच रामबजारका अध्यक्ष अम्बिका राजभण्डारी, कालिका मन्दिर संचालक समितिका उपाध्यक्ष माधव प्रसाद बराल, राम मन्दिर माछापुच्छे महिला समुहका अध्यक्ष माया गुरुङ्ग भुजेल लगायतका बक्ताहरूले आ आफ्नो बिचार राख्नु हुदै कला संस्कृतिलाई बचाइराख्ने समितिको मात्र जिम्मेवार नभै हामि नेपाली सबैको रहेको बताउनु भयो । उक्त साधारण सभा तथा अधिवेशन कार्यक्रममा रामबजार तायाः मचाः नाचः समितिका प्रथम उपाध्यक्ष नारायण श्रेष्ठले स्वागत गर्नु भएको उक्त कार्यक्रममा द्वितीय उपाध्यक्ष जयन्द्र कुमार राजभण्डारीले सबै उपस्थित अतिथिहरूलाई धन्यबाद दिनु भएको उक्त कार्यक्रममा राम बजार तायाः मचाः नाच समितिका अध्यक्ष सम्मर बहादुर श्रेष्ठ को सभापतित्वमा संचालन गरिएको उक्त कार्यक्रममा अध्यक्षाश्रेष्ठले आफुलाई साथ दिइ सहयोग गर्नुहुने गुरुजनहरू, रामबजार बासीहरू, कार्यसमिति पदाधिकारी सदस्य हरू र कलाकार भाइबहिनीहरू सबैलाई हार्दिक धन्यबाद ब्यक्त गर्नु भए को उक्त कार्यक्रम नाच समितिका सचिव विश्व तण्डुकार ले संचालन गर्नुभएको थियो।

# कारागारमा अनियमितता भएको कैदीबन्दीको गुनासो

**पोखरापत्र संवाददाता**
लमजुङ, २२ साउन

यहाँस्थित जिल्ला कारागारमा आर्थिक अनियमितता र बेथिति भोग्नु परेको कैदीबन्दीले गुनासो गरेका छन् । कारागारमा आर्थिक अनियमिता, आन्तरिक मूल्यवृद्धि र मनोमानी हुने गरेको गुनासो कैदीबन्दीले गरेका हुन्।

यहाँ आन्तरिक प्रशासनको जिम्मेवारी पाएकाहरूबाटै कैदीबन्दीले उपभोग गर्ने सामानको मिलेमतोमा बजार मूल्यभन्दा बढी रकम लिने, खाना पकाएको पैसा असुल्ने, तरकारीजन्य सामान खरिद, औषधि उपचारमा अनियमितता र मनोमानी हुने गुनासो बढेको हो। कारागारमा तरकारी पकाउँदा रु ८० देखि एक सय तिर्नुपर्ने, मासु पकाउँदा रु एक सय दिनुपर्ने र पैसाबाहेक प्याज, टमाटर छुट्टै किन्नुपर्ने, कैदीबन्दीले पाउने सिदा रकम दैनिक रु ८० र सात सय ग्राम चामलमा समेत अनियमिता हुने गरेको गुनासो कैदीबन्दीको छ।

हाल कारागारमा एक सय १३ कैदीबन्दी छन्। उक्त सङ्ख्या अनुसार दैनिक रु नौ हजार ४० सिदा रकम र करिब ८० केजी चामल उपलब्ध हुने गरेको छ। मासिक रु दुईलाख ७१ हजार दुईसय सिदा रकम र २४ क्विन्टल चामल उपलब्ध हुने गरेको छ। सो कारोबारबाट दैनिक रु चार हजार र २० केजी चामल बचत हुने भए पनि त्यसको पारदर्शिता नदेखिएको कैदीबन्दी बताउँछन् । प्यारोल र लगत पठाउँदा चौकीदारले रु एक हजार पाँच सयदेखि दुई हजार पाँच सयसम्म माग्ने गरेको उनीहरू बताउँछन्। अस्पतालमा उपचार गर्दा ५० प्रतिशत खर्च आफैँले तिनुपर्ने र नाइके तथा चौकीदारबाट हातपात हुने गरेको उनीहरूको भनाइ छ । पहिलो पटक आउने कैदीबन्दीबाट रु पाँच सय आन्तरिक कोषका लागि भन्दै असुल्ने गरेको र सो रकम दिन नसके वा नदिएमा दुई हप्तासम्म भाँडा माझ्न, शौचालय सरसफाइ गर्न लगाउने गरेको कैदीबन्दीले बताए। सो विषयमा कैदी विष्णु गिरी थापा र अशोक दवाडीलगायत सँग बुझ्न खोज्दा भन्न चाहेनन् तर केही सयमअघि कारागारबाट कैद भुक्तान गरेर निस्किएका कैदीबन्दीले उक्त गुनासो सत्य भएको बताएका छन्।

कारागारमा केही वर्षअघि चौकीदार र हाल नाइके रहनुभएका शम्भुलाल श्रेष्ठले तरकारी र खानाको जिम्मा लिँदै आउनुभएको छ । उहाँले अनियमितता नगरेको बताउनुभयो। तरकारी किलोकै रु दुई सयसम्म पर्ने र कहिले अण्डा, कहिले मासु खुवाउने गरेको श्रेष्ठले बताउनुभयो । दैनिक १५-१६ किलो तरकारी चितवन र विभिन्न स्थानबाट ल्याएर गुणस्तरीय खाना खुवाएको उहाँको भनाइ छ । उहाँले केही रकम बच्ने गरेको स्वीकार गर्दै सो रकम आन्तरिक कोषमा जम्मा गर्ने गरेको बताउनुभयो।

उहाँले पहिलो चोटि आएका कैदीबन्दीबाट आन्तरिक कोषका लागि रु पाँच सय रकम उठाउने गरेको र सो रकम दिन नसक्ने वा नदिनेलाई दुई हप्तासम्म जुठो भाँडा माझ्न, शौचालय सफा गर्न लगाएको स्वीकार्नुभयो । "भनेर नमान्ने कैदीबन्दीलाई तर्साउन हातपात गर्छौं, के गर्नु भनेर नमान्नेलाई यसरी गर्नुपर्छ", उहाँले भन्नुभयो। केही वर्षपहिले त लात्तीले मुर्छा पर्ने गरेर हिर्काउने गरिएकामा अहिले त्यसो नगरिने उहाँले सुनाउनुभयो।

उहाँले आफैं कारागार आउँदा आन्तरिक कोषका लागि भनी रु १० हजार मागेको र पछि रु पाँच हजार फिर्ता पाए पनि पाँच हजार बुझाउनु परेको बताउनुभयो । नाइके श्रेष्ठले भन्नुभयो, "यहाँ यसरी रकम माग्ने र सजाय दिने तथा हातपात गर्ने चलन पहिलाबाटै हो।" आन्तरिक कोषमा जम्मा गरिएको रकमबाट बिरामी कैदीबन्दीका लागि आकस्मिक काममा खर्च गर्ने गरिएको उहाँको भनाइ छ । चौकीदार खुसीराम मगरातीले आफू साउनबाट मात्र चौकीदार रहेकाले केही अनियमितता नगरेको बताउनुभयो । आफू चौकीदार भएपछि मूल्यवृद्धि नगरी सरकारले तोकेको मूल्यमा सामान उपलब्ध गराउन, कुनै कैदीबन्दीलाई हातपात नगर्न नाइके लगायतलाई भन्ने गरेको बताउनुभयो । अस्पतालमा कैदीबन्दी बिरामी भएर उपचार गर्दा ५० प्रतिशत रकम आफैँले तिर्नुपरेको गुनासो उहाँको छ । "म चौकीदार हुनुअघि चैतमा ज्वरो आएर लमजुङ अस्पताल उपचार गर्न पुगेको थिएँ । त्यहाँ उपचार गर्दा रु दुई हजार छ सय खर्च भयो, मैले सबै बिल बराबरकै रकम बुझाएँ तर एक हजार आठ सय मात्र पाएँ", चौकीदार मगरातीले भन्नुभयो। कारागार प्रशासनले यस विषयमा गम्भीर अनुसन्धान गरी कैदीबन्दीहरू माथि हुने शोषण, दमन नियन्त्रण गर्नुपर्ने कारागारबाट कैद भुक्तान गरी निस्किएका कैदीबन्दीहरूको भनाइ छ। कारागारभित्र कैदीबन्दीले खुलेर समस्या राख्न नसक्ने भएकाले सो समस्याबारे कसैलाई भन्न नसक्दा सो कारागारमा अनियमितता हुँदै आएको केही महिनाअघि कारागारबाट छुट्नुभएका रोशन तामाङले जानकारी दिनुभयो।

कारागारका निमित्त जेलर सुमिता मरासिनीले भन्नुभयो, "कारागारका यो विषयमा बल्ल जानकारी पायौँ, हामीलाई थाहा थिएन, हामी यस विषयमा छानबिन गर्छौं ।" हातपात हुने गरेको, आन्तरिक कोषका लागि रकम उठाउने र नदिनेलाई सजाय दिने गरेको समेत भर्खरै थाहा पाएको उहाँले बताउनुभयो । "हामीले कैदीबन्दीको खर्च सबै मेडिकल नाइकेलाई नियमअनुसार पठाएका छौं तर सबै रकम कैदीबन्दीले नपाएको बल्ल थाहा भयो । यी विषयमा हामी कदम उठाउँछौं", उहाँले भन्नुभयो।

प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङले यस विषयमा हालसम्म केही जानकारी नभएको बताउनुभयो । "त्यहाँ शङ्का गर्न सकिन्छ, प्रमाण त छैन। साँच्चिकै नियम हुनुपर्छ, सिस्टमभन्दा बाहिर जान मिल्दैन तर जेलभित्र उनीहरूको पनि छुट्टै शासन हुन्छ", प्रजिअ गुरुङ्ले भन्नुभयो, "ठूला कारागारमा पनि यस्तो शासन हुन्छ तर त्यहाँ केही अनियमिततालगायत समस्या भएको छभने हेर्छु, यसमा मेरो ध्यान गएको छ।"

# हिदीमा 'एक घर, एक धारा'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ साउन

म्याग्दीको मङ्गला गाउँपालिका-२ हिदीमा ' एक घर, एक धारा'सहितको खानेपानी आयोजना निर्माण भएको छ। नेपाल स्वास्थ्यका लागि पानी (नेवा), मङ्गला गाउँपालिका र समुदायको रु ४६ लाख ८४ हजार दुई सय ५१ को लागतमा आयोजना निर्माण भएको हो।

आयोजनामार्फत ६४ घरमा एक-एक र स्थानीय सिद्ध शान्ति माविमा दुईवटा धारा जडान गरेर खानेपानी वितरण गरिएको उपभोक्ता समितिका अध्यक्ष दलबहादुर पुनले बताउनुभयो।

"सबै घरमा मिटरसहितको निजी धारा जडान गरेर खानेपानी वितरण गरिएको छ", उहाँले भन्नुभयो, "खानेपानीका लागि सार्वजनिक धारा, कुवा, पँधेरामा धाउँदा हुने समयको बचतका साथै सहज भएको छ।" हिदी मङ्गला गाउँपालिकाको विकट र दुर्गम क्षेत्रमा पर्ने बस्ती हो । त्यहाँका बासिन्दाले यसअघि सार्वजनिक धारा, कुवा र मुहानबाट व्यक्तिगत लगानीमा पाइपमार्फत घरघरमा पानी लगेर उपभोग गर्दै आएका थिए । व्यवस्थित रूपमा वितरणपछि पानीको मितव्ययी प्रयोग हुन थालेको छ।

पानीका कारणले समाजमा विवाद हुन छाडेको छ । सबैले आवश्यकतानुसार भनेको समयमा पानी प्रयोग गर्न पाएका छन् । आयोजनाको दिगो सञ्चालनका लागि महसुल निर्धारण र हेरालुको व्यवस्था गर्ने उपभोक्ता समितिका अध्यक्ष पुनले बताउनुभयो।

छहरा टाउको, चुच्चे ओखर र लामो छहरामा रहेका तीनवटा मुहानको पानीलाई तीनवटा ट्याङ्कीमा सङ्कलन गरी आठ हजार दुई सय मिटर पाइप लाइनमार्फत वितरणको व्यवस्था मिलाइएको छ । आयोजना निमाणका लागि नेवा संस्थाले रु २२ लाख २० हजार नौ सय ४३ र मङ्गला गाउँपालिकाले रु १० लाख ६४ हजार दुई सय ६३ सहयोग गरेका नेवाका प्राविधिक गोर्खबहादुर शाहीले बताउनुभयो।

रु १२ लाख छ हजार पाँच सय ३७ बराबरको श्रमदान गरेका उपभोक्ताले रु एक लाख ९२ हजार पाँच सय आठ नगद पनि लगानी गरेका छन् । नेवा, मङ्गला गाउँपालिका र समुदायको साझेदारीमा आर्थिक वर्ष २०८०/८१ मा हिदीसहित मङ्गलाको र्‍यालेखोर-खुम्लिया-भाइवाङ र खानीगाउँमा निजी धारासहितको खानेपानी आयोजना निर्माण भएको छ।

खुम्लिया, र्‍यालेखोर र भाइवाङका एक सय घर र विद्यालय, सामुदायिक भवन र खेलमैदानमा आठवटा निजी धारा निर्माण गरेर खानेपानी वितरण गरिएको छ। र्‍यालेखोरको आयोजना लिफ्ट प्रविधिको हो । खानीगाउँका ३७ घर, एक विद्यालय र हिदीका ६४ घरमा निजी धारासहितको खानेपानी वितरण गरिएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो।

# मुस्ताङका बगैँचामा लटरम्म स्याउ

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ साउन

गत वर्षको तुलनामा यो वर्ष मुस्ताङका स्याउ बगैँचामा लटरम्म स्याउ फलेका छन्।

अनुकूल मौसम, व्यावसायिक रूपमा बगैँचा व्यवस्थापनलगायत कारणले उत्पादन बढेको जोमसोमस्थित कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत निशान मगरले बताउनुभयो । "क्षेत्रफल विस्तारका साथै अघिल्लो वर्षका तुलनामा यो वर्ष धेरै दाना लागेकाले उत्पादन बढ्ने अनुमान गरेका हौं," उहाँले भन्नुभयो "क्रप कटिङको प्रतिवेदन तयार भएपछि उत्पादनको यकिन विवरण आउँछ ।" जेठमा दानामा दाग लाग्ने रोगलाई कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन, स्थानीय तहका कृषि शाखाका प्राविधिक टोलीले उपचार गरेपछि उत्पादनमा असर नभएको कृषि प्रसार अधिकृत मगरले बताउनुभयो । फलेका स्याउका दानाले बगैँचा आकर्षक देखिन्छन्।

घरपझोङ गाउँपालिका-३ स्याङका कृषक कर्म गुरुङले गत वर्षको तुलनामा यसपटक स्याउका बोटमा २० देखि २५ प्रतिशत बढी फल लागेको बताउनुभयो।

"मौसमले पनि साथ दियो, रोग पनि लागेन," उहाँले भन्नुभयो "गत वर्ष रु. चार करोडको स्याउ बेचेको हुँ, यो वर्ष रु. छ करोड आम्दानी हुने अनुमान छ ।" स्याउ खरिद गर्न देशका विभिन्न स्थानबाट व्यापारी मुस्ताङ पुगेर बगैँचा अवलोकन र किसानसँग भाउ मिलाउन थालेका छन्।

मुस्ताङमा रेडडेलिसियस, रोयल डेलिसियस, रिचारेड डेलिसियस र गोल्डेन डेलिसियस जातका स्याउ खेती हुने गरेको छ। गत वर्ष चार हजार नौ सय ७५ मेट्रिक्टन स्याउ उत्पादन भएको र रु. ४९ करोड २५ लाख बराबरको आम्दानी भएको कृषि ज्ञान केन्द्रले जनाएको छ।

कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन र स्थानीय तहको कृषि शाखाले अनुदानमा स्याउका बिरुवा वितरण, स्याउ राख्ने प्याक सहयोग, सिचाई, चिस्यानगृह निर्माण लगायतका काममा कृषकलाई सहयोग गरेका छन् । म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौँलगायत सहरका व्यापारी बगैचामा नपाग्दै अग्रिम रकम दिएर ठेक्कामा स्याउ खरिद गर्दै आएका छन्। मुस्ताङ आउने पर्यटकले पनि कोशेलीको रूपमा स्याउ किन्ने गरेका छन् । किसानले बिक्री नभएका स्याउ मदिरा र सुकुटीमा उपयोग गर्दै आएका छन्।

# शीत भण्डार निर्माणपछि बेनीका किसानलाई राहत

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ साउन

फलफूल र तरकारीजन्य उत्पादन सस्तोमा बेच्नुपर्ने बाध्यतामा रहेका म्याग्दीको बेनी नगरपालिकाका किसानहरूले कोल्डस्टोर (शीत भण्डार) निर्माण भएपछि राहत महसुस गरेका छन्।

बेनी नगरपालिका-४, सिङ्गा राजिकुलोमा तयार भएको कोल्डस्टोर (शीत भण्डार) सञ्चालनमा आएपछि किसानलाई सुविधा भएको हो। कोल्डस्टोरमा सुन्तलाको सफल परीक्षणपछि अहिले किसानले आलु भण्डारण गरेका छन् । गत वर्ष सुन्तला फल्ने याममा करिब एक हजार पाँच सय केजी सुन्तला भण्डारण गरेका किसानले परीक्षणबाट सन्तुष्ट भएका थिए।

यसपटक आलुको सिजनमा सस्तो मूल्यमा बजारमा बेच्नुभन्दा कोल्ड स्टोरमा राखेर बेमौसममा महँगो मूल्यमा बिक्री गर्ने गरी धमाधम भण्डारण गर्न थालेको बेनी नगरपालिका-४ का वडाअध्यक्ष अणबहादुर खड्काले बताउनुभयो। "कोल्डस्टोर बनेपछि किसानमा खुसी छाएको छ, उहाँहरूले आफूले उत्पादन गरेका कृषि उपजलाई शीत भण्डारमा भण्डारण गरी उचित समयमा बजार पुऱ्याउन पाउनुभएको छ," अध्यक्ष खड्काले भन्नुभयो ।कोल्ड स्टोरमाराखेपछिनिकाल्नेसमयमा प्रतिकेजी रु १० शुल्क तिर्नुपर्छ। हाल कोल्डस्टोरमा सात हजार पाँच सय ५० केजी आलु भण्डारण गरिएको छ र थप तीन सय केजी आलु ल्याउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। कोल्डस्टोरमा विद्युत् आपूर्तिसहित अन्य संरचनाहरू आधुनिक भएकाले परीक्षण सफल भएसँगै यसपटक म्याग्दीमा आलु उत्पादन गर्ने कृषि सहकारी, किसानका साथै छिमेकी जिल्ला बागलुङबाट समेत भण्डारणका लागि माग गरिएको छ । कोल्डस्टोर रु एक करोड ६० लाखमा निर्माण गरिएको हो । त्यसमा अन्य आवश्यक संरचनाहरू थपिने बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो । "कृषकलाई कोल्डस्टोर बरदान साबित हुन्छ, कृषकलाई प्रतिफल हुने गरी नगदे बालीलाई प्राथमिकता दिएका छौं," प्रमुख केसीले भन्नुभयो । जिल्लामा सुन्तला र आलु अत्यधिक उत्पादन हुने भएकाले यामबाहेक बेमौसममा बिक्री वितरणका लागि सहज हुने स्थानीय बताउँछन्। कोल्ड स्टोरमा मौसमअनुसार आलु, तथा किवीका साथै अन्य नगदे बाली भण्डारण गर्न सकिन्छ।

बेनी नगरपालिकाले कोल्ड स्टोरलाई वर्षैभरि प्रयोग हुने गरी तापक्रमलाई सन्तुलित बनाई राख्ने उपकरण र संरचनासहित बनाएको छ । किसानले व्यापारीलाई बारीबाटै सस्तो मूल्यमा तरकारी, फलफूल बिक्री गर्नुपर्ने बाध्यताको अन्त्य गर्ने बेनी नगरपालिकाले जनाएको छ।